# स्थानीय राजपत्र

**बेसीशहर नगरपालिका नगरकार्यपालिकाद्धारा प्रकाशित**

**खण्ड ७)  बेसीशहर, माघ ७ गते, २०८१ साल (संख्या ६**

**भाग १**

**बेसीशहर नगरपालिका**

**नगर कार्यपालिकाको सूचना**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदाफा (१) बमोजिम बेसीशहर नगरपालिकाको मिति २०८१/१०/०७ को १६ औँ नगरसभाले तल लेखिए बमोजिमको ऐन बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## बेसीशहर नगरपालिकाको सार्वजनिक यातायात व्यवस्था ऐन, २०८१

**प्रस्तावना:** बेसीशहर नगरपालिका क्षेत्र भित्र सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँच सुनिश्चित गर्न, सार्वजनिक यातायातलाई प्रोत्साहन गरी लगानी अभिवृद्धि गर्न, सुरक्षित, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय, विश्वसनीय, वातावरणमैत्री, उपभोक्तामुखी, यातायात सेवा संचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम बेसीशहर नगरपालिकाको १६ औँ नगर सभाले यो ऐन बनाएको छ।

### परिच्छेद–१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "बेसीशहर नगरपालिकाको सार्वजनिक यातायात व्यवस्था ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:–

**(क)** **"नगरपालिका"** भन्नाले बेसीशहरनगरपालिकालाई सम्झनु पर्छ।

**(ख)** **"प्रमुख"** भन्नाले बेसीशहर बेसीशहर प्रमुखलाई सम्झनुपर्छ।

(घ) **"उपप्रमुख"** भन्नाले बेसीशहर नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(ङ) **"कार्यपालिका सदस्य"** भन्नाले बेसीशहर नगरपालिका नगर कार्यपालिकाको सदस्य सम्झनुपर्छ।

(च) **"ऐन"** भन्नाले बेसीशहर नरपालिकाको सार्वजनिक यातायात व्यवस्था ऐन २०८१ लाई सम्झनु पर्छ।

(छ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) **"टिकट"** भन्नाले सार्वजनिक यातायात सेवा प्रयोग गर्ने सेवाग्राहीलाई प्रदान गरिने टिकट सम्झनुपर्छ। यस शब्दले ई–टिकट, स्मार्ट कार्ड वा यस्तै प्रयोजनका लागि जारी हुने प्रविधिजन्य टिकट समेतलाई बुझाउनेछ।

(झ) **"नगर सभा सदस्य"** भन्नाले बेसीशहर नगरपालिकाको नगर सभाको सदस्यलाई सम्झनुपर्छ।

(ञ) **"निर्धारित"** भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा बेसीशहर नगरपालिकाले यातायात व्यवस्थापन सम्बन्धी विषयमा समय समयमा गर्ने निर्णय वा तोकिने मापदण्डलाई सम्झनुपर्छ।

(ट) **"पार्किङ्ग स्थल"** भन्नाले सवारी राख्न निर्धारण गरेको स्थल सम्झनुपर्छ।

(ठ) **"प्रदूषण"** भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषण सम्झनुपर्छ।

(ड) **"बस विसौनी"** भन्नाले यात्रु वाहक सार्वजनिक सवारीमा यात्रीलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारण गरिएको स्थल सम्झनुपर्छ ।

(ढ) **"नगरपालिका"** भन्नाले बेसीशहर नगरपालिकालाई सम्झनुपर्छ।

(ण) **"रुपान्तरण"** भन्नाले डिजेल, पेट्रोल, ग्याँसबाट संचालन हुने सवारी साधनलाई विद्युतीयमा र डिजेल पेट्रोलबाट संचालन हुनेलाई ग्याँस वाहाईब्रिडमा रुपान्तरण गरी संचालन माध्यममा परिवर्तन गरी वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने भन्ने सम्झनुपर्छ।

(त) **"विद्युतीय सवारी साधन"** भन्नाले विद्युतीय प्रसारणलाईन, सोलार वा ब्याट्रीबाट संचालन हुने सवारीसाधन सम्झनुपर्छ।

(थ) **"वातावरण मैत्री सवारी साधन"** भन्नाले वैकल्पिक वा नवीकरणीय उर्जाबाट संचालन हुने वा नगरपालिकाले वातावरणमैत्री भनी तोकेको सवारी साधनलाई सम्झनुपर्छ।

(द) **"संघीय कानुन"** भन्नाले संघीय संसदबाट जारी भएको यातायात व्यवस्थापन सम्बद्ध कानुनलाई सम्झनुपर्छ।

(ध) **"प्रदेश कानुन"** भन्नाले प्रदेश सभा, प्रदेश नम्बर गण्डकी प्रदेशबाट जारी भएको यातायात व्यवस्थापन सम्बद्धकानुनलाई सम्झनुपर्छ।

(न) **"संस्था" वा "कम्पनी"** भन्नाले प्रचलित कानुन बमोजिम सार्वजनिक यातायात सेवा संचालन गर्नगराउन स्थापित संस्था वा कम्पनीलाई सम्झनुपर्दछ।

(प) **"सार्वजनिक यातायात"** भन्नाले सर्वसाधारणका लागि भाडा लिई यात्रा गराउन सञ्चालित बस, मिनिबस, माईक्रोबस, तीन पाङ्ग्रे सवारीसाधन लगायतका सार्वजनिक यातायातका लागि इजाजत प्राप्त गरी संचालन गरिएका यातायातका साधन सम्झनुपर्दछ।

(फ) **"सम्बन्धित निकाय"** भन्नाले नगरपालिका क्षेत्र भित्र यातायात व्यवस्थापन सम्बन्धमा काम कारवाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय, अन्य स्थानीय सरकार, गैरसरकारी संघसंस्थालाई समेत सम्झनुपर्दछ।

(ब) **"सेवा प्रदायक"** भन्नाले सार्वजनिक यातायात सेवा संचालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम स्थापित संघसंस्था, कम्पनी वा व्यक्ति सम्झनुपर्दछ।

## परिच्छेद–२

## टिकट सम्बन्धी व्यवस्था

३. **टिकटको प्रयोग :** (१) सार्वजनिक यातायातको संचालनमा कागजी र विद्युतीय गरी दुई प्रकारका यात्री टिकटहरु प्रयोग गर्न सकिनेछ।

(२) कागजी टिकटको प्रयोगलाई क्रमश: विद्युतीय टिकटले विस्थापित गर्नुपर्नेछ।

४. **टिकट अनिवार्य दिनुपर्ने :** (१) सार्वजनिक यातायातका साधन चढनु भन्दा पहिले वा चढेलगत्तै यात्रीहरुसँग तोकिएको भाडा लिई अनिवार्य रुपमा टिकट दिनुपर्ने दायित्व सम्बन्धित चालक वा परिचालकको हुनेछ।

(२) विद्युतीय टिकट रहेको खण्डमा ई–टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नुपर्नेछ।

(३) यात्री टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिए बमोजिम हुनेछ।

(४) यात्री टिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ, अश्लील सामग्री तथा सार्वजनिक हित विपरीत हुने सामग्रीको विज्ञापन गर्न पाइने छैन।

५. **टिकट अनिवार्य लिनुपर्ने:** नगरपालिका क्षेत्रभित्र रुट कायम भईसंचालन हुने सार्वजनिक यातायातका साधन प्रयोग गर्ने यात्रीले आफू चढ्ने बस बिसौनीमा वा सवारी साधन चढेलगत्तै निर्धारित भाडा तिरी टिकट लिनुपर्नेछ ।

६. **सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्ने :** (१) सेवा प्रदायकले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति, अशक्त,जनआन्दोलनका घाइते, सहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई कानुनले निर्धारण गरेको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रीले सम्बन्धित निकायबाट जारी भएको परिचयपत्र देखाउनु पर्नेछ ।

## परिच्छेद–३

## सार्वजनिक यातायात संचालन गर्ने संस्था वा कम्पनीको दायित्व

७. **संस्था वा कम्पनीको दायित्व :** (१) सार्वजनिक यातायात संचालन गर्ने संस्था वा कम्पनीको दायित्व देहाय बमोजिम हुनेछ :–

(क) यात्रीहरुलाई निर्धारित बस बिसौनीबाट मात्र चढाउने र ओर्लने (पिक एण्ड ड्रप) व्यवस्था गर्ने,

(ख) यात्रीवर्ग वा सर्वसाधारणका लागि गुनासो तथा सुझावदिन मिल्ने व्यवस्था मिलाउने,

(ग) चालक र परिचालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने,

(घ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मतसम्भार तथा सरसफाई गर्ने/गराउने,

(ङ) सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसँग छुट्याउन सकिने किसिमले रुट नम्बरका अतिरिक्त सवारी साधनमा फरक रंग वा निश्चित चिन्हको प्रयोग गर्ने,

(च) अपाङ्गगता भएका व्यक्ति, महिला, असक्त, बालबालिका, जेष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्थागर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति बसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने,

(छ) चालक र परिचालकले प्रचलित कानुन बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ज) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामग्री (फस्टएड बक्स), अग्नि नियन्त्रण उपकरण, फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने,

(झ) सवारी साधनमा नगरपालिकाको स्वीकृति विना विज्ञापन नगर्ने,

(ञ) नगरपालिकाबाट अनुमति नलिई वा नवीकरण नगरी नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा संचालन नगर्ने,

(ट) नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा संचालन गर्दा नगरपालिकाबाट निर्धारण भएको भाडादर बमोजिम भाडालिने व्यवस्था मिलाउने,

(ठ) कार्तिक देखि माघ मसान्तसम्म बिहान ५ बजेदेखि राती ९ बजेसम्म र बाँकी अन्य महिनाको हकमा बिहान ५ बजेदेखि राती १० बजेसम्म अनिवार्य रुपमा निर्धारित रुटमा सवारी साधन चल्ने व्यवस्था मिलाउने,

(ड) सम्बन्धित निकाय वा नगरपालिकाले समय–समयमा तोकेको मापदण्ड पूरा नभएका साधन नचलाउने,

(ढ) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने,

(ण) नगरपालिकाबाट अनुमति प्राप्त सक्षम एवं योग्य वर्कसपबाट सवारी साधनको जाँच गराई अद्यावधिक राख्ने,

(त) नगरपालिकाबाट हुने नियमन कार्यमा सहयोग र समन्वय गर्ने,

(थ) नगरपालिकाबाट समय–समयमा तोकेका कार्यहरु गर्ने/गराउने।

२) सार्वजनिक यातायात संचालन गर्ने संस्था वा कम्पनीले देहायको कार्य गर्ने तर्फ निर्देशित हुनुपर्नेछः–

(क) यात्रीको सुरक्षाको व्यवस्था गर्ने/गराउने,

(ख) उच्च प्रविधियुक्त वातावरणमैत्री सवारी साधनको प्रयोग गर्ने,

(ग) सवारी साधनभित्र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ह्विलचेयर सजिलै राख्न सकिने व्यवस्था गर्ने,

(घ) यात्रीवर्ग र सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवा सम्बन्धी जानकारी दिन नोटिस–वोर्ड सेवा, ईमेल, वाईफाई, सामाजिक सञ्जाल, भ्वाईसमेल लगायतका प्रविधिजडान गर्ने,

(ङ) सार्वजनिक यातायात सेवा सम्बन्धमा मोवाईल र कम्प्युटरबाट सवारी साधनको आगमन तथा रुटहरुको अवस्थितिहरु प्रत्यक्ष देखिने जीपीएस ट्र्याकिङ्ग जडान गरी एप्स प्रयोगमा ल्याउने,

(च) यात्रीहरुको सहजताका लागि दैनिक, साप्ताहिक, मासिक तथा वार्षिक रुपमा मान्य हुने टिकटहरु जारी गर्ने,

(छ) खनिज इन्धनका सवारी साधनलाई विद्युतवाट चल्ने वातावरणमैत्री सवारी साधनमा रुपान्तरण गर्ने।

## परिच्छेद–४

## सवारी चालक, परिचालक तथा यात्री सम्बन्धी व्यवस्था

८. **सवारी चालक :** देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको चालक हुन योग्य मानिनेछ :–

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको,

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको,

(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको।

९. **परिचालक :** देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको परिचालक हुन योग्य मानिनेछ :–

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको परिचालकइजाजत प्राप्त गरेको,

(ख) शारीरिक तथा मानसिकरुपमा स्वस्थ्य रहेको,

(ग) कुनै प्रचलित कानुनले अयोग्य नरहेको।

१०. **चालक, परिचालक तथा यात्रीलाई प्रशिक्षण:** (१) नगरपालिकाले सार्वजनिक यातायातसँग सम्बन्धित चालक, परिचालक तथा यात्रीहरुलाई सार्वजनिक यातायात सम्बन्धी आधारभूत ज्ञान, सीप,प्रचलित कानुनी व्यवस्था तथा यात्रीसँग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिनेछ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा सार्वजनिक यातायात सम्बन्धी सेवा प्रदायक संस्था वा कम्पनीले आफ्ना चालक तथा परिचालकहरुलाई अनिवार्य रुपमा सहभागी गराउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षणमा सहभागी भएका चालक तथा परिचालकहरुलाई नगरपालिकाबाट अनुसूची–१ बमोजिमको ढाँचामा परिचय-पत्र प्रदान गरिनेछ।

(४) सार्वजनिक सवारी साधन प्रयोग गर्ने यात्री तथा पैदलयात्रीलाई यात्री अनुशासन तथा आचरण सम्बन्धमा सचेतनामूलक प्रशिक्षण दिइनेछ

## परिच्छेद–५ कर्तव्य तथा निषेधित कार्यहरु

११. **यात्रीको कर्तव्य:** (१) सार्वजनिक यातायात सेवा प्रयोग गर्ने यात्रीले चालक, परिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायातमा यात्रा गर्दा देहायका कार्य गर्नुहुदैन:

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,

(ख) आरक्षित यात्रुका लागि आरक्षण गरि छुट्ट्याईएको सिटमा बस्ने,

(ग) टिकट नलिने वा तोकिए बाहेक अन्य शर्तमा कम भाडा तिर्ने,

(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,

(ङ) म्याद समाप्त भएका परिचय–पत्र देखाई भाडा छुटका लागि दावी गर्ने,

(च) नक्कली परिचय–पत्रबाट सुविधा लिन प्रयत्न गर्ने,

(छ) उत्सर्जित फोहरमैला तोकिएको स्थान वा फोहरसंकलन गर्न राखिएको भाँडो–बाहेक अन्यत्र जथाभावी फाल्ने,

(ज) यातायातको साधनभित्र मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(झ) यातायातका साधनमा जडान भएका भौतिक सामग्रीहरुमा क्षति पुर्‍याउने,

(ञ) यातायातका साधनमा अश्लील शब्द तथा चित्र लेख्ने, त्यस्तै प्रकृतिका सामग्रीहरु हेर्ने,

(ट) झगडा गर्ने, डर, धम्की दिने,

(ठ) यातायातका साधनमा आगो लगाउने, शिशा फुटाउने,

(ड) यौनजन्य दुव्र्यवहार गर्ने,

(ढ) लागूऔषध प्रयोग गर्ने/गराउने वा त्यस्ता कार्य गर्न प्रोत्साहित गर्ने,

(ण) पकेटमार वा अन्य चोरी गर्ने,

(त) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१२. चालकको कर्तव्य :** (१) सार्वजनिक यातायात सेवा संचालन गर्ने चालकले यात्री परिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा संचालन गर्नेचालकले देहायका कार्य गर्नु हुदैँन: –

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधनरोक्ने,

(ख) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ग) निर्धारित पोशाक नलगाई सवारी साधन चलाउने,

(घ) बस बिसौनीमा निर्धारित समय भन्दा बढी समय सवारीसाधन रोक्ने,

(ङ) जेब्रा–क्रसिङ्गमा पैदलयात्रीलाई प्राथमिकता नदिने,

(च) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउने,

(छ) सवारी साधनमा अश्लील फोटो टाँस्ने, अश्लील गीतबजाउने,

(ज) जथाभावी पार्किङ्ग गर्ने,

(झ) निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने,

(ञ) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने,

(ट) यौनजन्य दुव्र्यवहार गर्ने,

(ठ) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१३. परिचालकको कर्तव्य :** (१) सार्वजनिक यातायात सेवा संचालनमा संलग्न परिचालकले यात्री, चालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यववार गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवासंचालनमा संलग्न परिचालकले देहायका कार्य गर्नु हुदैंन: –

(क) यात्रीसँग निर्धारित भन्दा बढी रकम असुल गर्ने,

(ख) टिकट दिन इन्कार गर्ने,

(ग) रकम फिर्ता गर्न आलटाल गर्ने,

(घ) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ङ) निर्धारित पोशाक नलगाई सार्वजनिक यातायातको साधनमा परिचालकको काम गर्ने,

(च) सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(छ) यौनजन्य दुर्व्यवहार गर्ने,

(ज) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१४. पैदल यात्रीको दायित्व :** (१) मानिस हिँड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिड्नु पर्नेछ । पेटी नभएको सडकमा हिँड्दासो सडकको किनारातर्फ बाट हिड्ने गर्नु पर्नेछ ।

(२) पैदल हिड्ने मानिसले बाटो काट्नुपर्दा जेब्रा–क्रसिङ्ग, वा त्यस्तो बाटो काट्नका लागि निर्धारित ठाउँबाट मात्र बाटो काट्नु पर्नेछ ।

(३) सडकपेटीमा यात्रा गर्ने पैदलयात्रीले तोकिए बमोजिमको सडक अनुशासन तथा आचारसंहिता पालना गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम यात्रा गर्ने पैदलयात्रीले देहायका कार्यगर्नु हुँदैन: –

(क) सवारी साधन गुड्ने प्रयोजनको लागि तोकिएको सडकबाट हिड्ने,

(ख) आफूले उत्सर्जन गरेको फोहोर सडक तथा सार्वजनिक स्थानमा फाल्ने,

(ग) सडक, पेटी तथा वरपरका स्थानहरुमा आवत–जावतलाई असर पर्ने गरी अनावश्यक रुपमा भेलाहुने, भिडभाड गर्ने, होहल्ला गर्ने तथा प्रचलितकानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने/गराउने,

(घ) नगरपालिकाले समय–समयमा गर्न नहुने भनी तोकिएको कार्यहरु गर्ने ।

## परिच्छेद–५
## व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

**१५. सवारी तथा यातायात व्यवस्थापन समितिको गठनः** (१) नगरपालिकाको क्षेत्रभित्र सञ्चालन हुने निजी, सार्वजनिक तथा सरकारी यातायातका साधनहरुलाई समन्वयित र दुर्घटनारहित ढङ्गबाट सेवा सुचारु एवं सुव्यवस्थित र आवश्यक मार्गदर्शन गर्न नगरपालिकाले देहाय अनुसारको सवारी तथा यातायात व्यवस्थापन समिति गठन गर्छः

| | | |
|---|---|---|
| १. | नगरपालिकाको प्रमुख | अध्यक्ष |
| २. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. | पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| ४. | कार्यपालिकाका सदस्य मध्ये प्रमुखबाट मनोनित दुई जना महिला | सदस्य |
| ५. | ईजाजत प्राप्त यातायात व्यवसायी मध्ये समितिले मनोनित गरेको एक जना | सदस्य |
| ६. | नेपाल सरकार वा प्रदेश सरकार अन्तर्गको स्थानीय ट्राफिक कार्यालयको प्रमुख | सदस्य |
| ७. | स्थानीय उपभोक्ता मध्येबाट प्रमुखले तोकेको एक जना | सदस्य |
| ८. | सम्बन्धित शाखाको कर्मचारी एक जना | सदस्य सचिव |

समितिले आवश्यक ठानेमा संघीय, प्रादेशिक,तथा स्थानीय कार्यालयका प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सदस्य कार्यपालिकाले तोके बमोजिमको समयसम्म वहाल रहनेछन्।

(३) उपदफा (१) मा उल्लेखित समितिको बैठक आवश्यकतानुसार सञ्चालन गर्नेछ। बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछन्।

**१६. समितिका काम, कर्तव्य र अधिकारः** (१) उपदफा ११ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहनेछ:

(क) सवारी साधनको दर्ता प्रमाणपत्र व्यवस्थापन गर्न आवश्यक मार्गनिर्देशन गर्ने।

(ख) पार्किङ स्थानहरु पायक पर्ने ठाउँ तोक्ने।

(ग) यातायातको भाडादर निर्धारण गर्ने।

(घ) सेवा स्तर निर्धारण गरी त्यो स्तरको आधारमा सवारी साधनको संख्या तोक्ने।

(ङ) व्यवसायी र यात्रुबीच उत्पन्न विवाद समाधानका लागि आवश्यकताअनुसार तीन पाङ्ग्रे सवारीको संख्या नियन्त्रण गर्न सिफारिस गर्ने।

(च) प्रक्रिया पुरा भई आएका तीनपाङ्ग्रे सवारी साधनलाई रुट परमिट दिने/नदिने।

(छ) सवारी साधन खरिद गर्दा नागरिकताको प्रमाणसहित समितिमा निवेदन दिने।

(ज) समितिको स्वीकृति नलिइ खरिद गरिएका सवारी साधनलाई रुट परमिट नदिइने।

(झ) यो ऐन लागू हुनुभन्दा अघि देखि सञ्चालनमा रहेका सवारी साधनहरुलाई ऐन बमोजिम व्यवस्थापन गरिने छ ।

## परिच्छेद–६

## तीनपाङ्ग्रे सवारी साधन सम्बन्धी व्यवस्था

१७. **तीनपाङ्ग्रे सवारी साधनको दर्ता, नविकरण तथा खारेजीः** (१) प्रत्येक तीनपाङ्ग्रे सवारी साधन सवारी ऐन तथा नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नविकरण भइ नगरपालिकामा अनुसूची १ को ढाँचामा निवेदन दिइ सूचीकरण भइ रुट परमिट समेत लिई निमानुसार नविकरण गर्नुपर्नेछ । तीन पाङ्ग्रे सवारी साधन सूचिकरण गर्दा देहायका कागजातहरु अनिवार्यरूपमा पेश गर्नुपर्ने छ:

(क) अनुसूची १ बमोजिमको ढाँचामा निवेदन दिने ।

(ख) राजस्वको तिरेको रसिद

(ग) प्रदूषण मापदण्ड भित्र परेको प्रमाणित गरिएको पत्र,

(घ) भन्सार प्रज्ञापन-पत्र र भन्सार महशुल तिरेको रसिदको प्रतिलिपी

(ङ) सवारी धनिको नागरिक्ता प्रमाणपत्र र सवारी चालकको इजाजत पत्रको प्रतिलिपि, सवारी बीमा, नागरिकता, लाइसेन्स आदि प्रतिलिपि

(च) कम्पनी/फर्ममा दर्ता भएको भए सोको प्रमाणपत्रको प्रतिलिपि,

(छ) आयकर दर्ताको कागजात र करचुक्ता दर्ताको प्रमाणपत्रको प्रतिलिपी,

(ज) सवारी साधनको चेसिस नं. स्पष्ट देखिने गरि चेसिसको फोटो

(झ) सवारी कर, आयकर तिरेको प्रमाण आदि,

(ञ) सवारी धनि स्वयं उपस्थित हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका दर्ता/सूचीकरण भएका ३ पाङ्ग्रे सवारी साधनको नगरपालिकाले अनुसूची ३ बमोजिम अभिलेख खडा गरि सूचीकरण गर्नेछ ।

(३) नगरपालिकामा सूचीकरण र नविकरण भई संचालनमा आएका ३ पाङ्ग्रे सवारी साधनले वार्षिक रूपमा नियमानुसार तोकिएको कर वुझाई सूचीकरण र नविकरण गर्नुपर्नेछ । नविकरण गर्दा देहायका कागजात रुपमा पेश गर्नुपर्ने छ:

(क) नगरपालिकावाट तोकिएको ढाँचामा निवेदन पेश गर्ने ।

(ख) प्रदूषण मापदण्डभित्र परेको प्रमाणित गरिदिएको प्रमाणपत्र

(ग) दर्ता गर्दा वा अघिल्लो आ.व.मा नविकरण गर्दा वुझाएको सवारी करको रसिदको प्रतिलिपि ।

(घ) बीमाको कागजातको प्रतलिपी,

(ङ) सवारी चालकको सवारी चालक अनुमती पत्रको प्रतिलिपी

(च) सवारीधनी स्वयं उपस्थित हुनुपर्ने वा उपस्थीत हुन नसकेको कारण खुलाई मन्जुरीनामा

(४) नगरपालिका यस दफा बमोजिम ३ पाङ्ग्रे सवारीलाई दर्ता, सूचीकरण गरि प्रमाण पत्र दिन सक्नेछ।

(५) प्रत्येक सवारीसाधनले यस दफा बमोजिम रुट परमिट लिदा देहाय बमोजिमका कागजात पेश गर्नुपर्नेछ:

(क) नगरपालिकामा सूचिकरण भएको प्रमाण पत्र

(ख) नविकरण भएको व्लुवुकको प्रतिलिपी,

(ग) जाँचपास प्रमाणपत्र,

(घ) बीमा(सवारी चालक, यात्रु र तेस्रो पक्ष) भएको प्रतिलिपी,

(ङ) माग भएको रुट खुलाउनु पर्ने

(च) चालक लाईसेन्स प्रतिलिपी र नागरिक्ताको प्रतिलिपी

(छ) यस ऐन बमोजिम दस्तुर वुझाएको रसिद

(ज) अर्को क्षेत्रवाट अनुमती लिई आएकोमा सो कार्यालयको सहमती पत्र

(झ) सवारीधनी स्वयं उपस्थित हुनुपर्ने वा उपस्थीत हुन नसकेको कारण खुलाई मन्जुरीनामा

(६) ३ पाङ्ग्रे सवारी साधन सम्वन्धी अन्य व्यवस्था:

(क) रुट परमिटको अवधि १ वर्षको हुनेछ। म्याद समाप्त भएको मितिले १५ दिन सम्म परमिट नविकरण गराईसक्नुपर्नेछ। यदि तोकिएको समय सिमा भित्र नविकरण नभएमा तोकिए बमोजिमको जरिवाना लाग्नेछ।

(ख) नविकरण गर्दा कुनै निकायवाट सवारी संचालनमा रोक्का नभएको हुनुपर्नेछ। रुट नविकरण गर्दा विमा वा जाँचपास अवधिले नभ्याउने भएमा जुन अवधी पहिला सकिन्छ। सो उल्लेख गरि नविकरण गरिदिने र पछि उक्त कागजात ल्याइ आएमा वाँकी रहेको अवधि सोही दस्तुको आधारमा नविकरण गरिदिने।

(घ) तोकिएको रूट बाहेक सञ्चालन गर्न पाइने छैन।

(ङ) पहिलो पटक ३० दिनभित्र रुट परमिट लिंदा विल्भ जरिवाना लाग्नेछैन सो समयमा नविकरण नविकरण नगरेमा यसै दफा बमोजिम जरिवाना लाग्नेछ।

१८. **जरीवाना सम्बन्धि व्यवस्था:** (१) देहायको कसुर गरेमा यस ऐन बमोजिम जरीवाना सम्बन्धि व्यवस्था संघीय तथा प्रादेशिक ऐन कानुन बमोजिम हुनेछ:

(क) ट्राफिक संकेत वा इशारा उल्लङ्घन गरी चलाएमा।

(ख) पार्किङ निषेध गरिएका ठाउँ वा समयमा पार्किङ गरेमा।

(ग) सवारी मोड्न वा ध्वानी संकेत निशेध गरेको ठाँउमा मोडेमा वा ध्वानी संकेत दिएमा।

(घ) सडक लाईन मिचि चलाएमा।

(ङ) एकतर्फी सडकमा सोही विपरीत चलाएमा।

(च) अवस्था ठीक नभएको सवारी चलाएमा।

(छ) निर्धारित गति भन्दा बढी गतिमा सवारी चलाएमा।

(ज) मादक पदार्थ सेवन गरी सवारी चलाएमा।

(झ) सवारी चालकले यात्री लिन इङ्कार गरेमा।

(ञ) निर्धारित सिट भन्दा बढी यात्रु राखी चलाएमा।

(ट) निर्धारित भाडा भन्दा बढी भाडा लिई चलाएको।

(ठ) वाटो इजाजत-पत्र, चालक अनुमतिपत्र र व्लुवुक सँगै साथमा नराखी सवारी चलाएकोमा।

(ड) प्रचलित कानुनमा उल्लेख भएका अन्य व्यवस्था उल्लङ्घन भएमा।

## परिच्छेद–८ विविध

**१९. यात्री बिमा सम्वन्धी व्यवस्था :** सेवा प्रदायक संस्था वा कम्पनीले प्रत्येक यात्रीको प्रचलित कानुनले तोके बमोजिम बिमा गर्नुपर्नेछ।

**२०. यातायातको संचालन सम्बन्धी बिशेष व्यवस्था :** (१) नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, संवद्ध संघ/संस्थाहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा यातायातको संचालन तथा व्यस्थापन गर्न सक्नेछ।

(२) सार्वजनिक यातायात संचालन हुने सार्वजनिक यातायात साधनको बाटो ईजाजत लिनुपूर्व नगरपालिकाको अनिवार्य सिफारिस लिएर मात्र यातायात व्यवस्था कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) नगरपालिकालाई केन्द्र बनाई संचालन हुने लामो तथा छोटो दुरीका सार्वजनिक सवारी साधन सेवा प्रदायक कम्पनि प्रालि ले संचालन गर्नुपूर्व तथा ईजाजत नविकरण गर्दा अनिवार्य नगरपालिकाको सिफारिस लिएर मात्र गर्नुपर्नेछ।

**२१. अन्य प्रकारका सवारी साधनलाई समेत लागू हुने :** यस ऐनमा उल्लेख भएका व्यस्थाहरु मध्ये देहायमा उल्लेखित कार्यहरु सार्वजनिक सवारी साधनका अतिरिक्त अन्य सवारी साधन समेतको हकमा लागू हुनेछ :–

(क) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन नपाउने,

(ख) सवारी साधनबाट बाहिर फोहर फाल्न नपाइने,

(ग) निर्धारित स्थानबाहेक अन्य स्थानमा पार्किङ्ग गर्न नपाइने,

(घ) निर्धारित मापदण्डभन्दा बढी धुवाँ, धुलो उत्सर्जन गर्न नपाइने,

(च) सवारी साधन सफा र तयारी हालतमा राखी चलाउनु पर्ने,

(छ) निर्धारित अधिकतम गति भन्दा तीब्र गतिमा सवारीसाधन नचलाउने,

(ज) पैदलयात्रीलाई जेब्रा क्रसिङ्गबाट बाटो काट्न प्राथमिकता दिने,

(झ) आकस्मिक सेवामा संचालित यातायातका साधनहरु दमकल, एम्बुलेन्स तथा यस्तै प्रकृतिका सवारीसाधनहरु, विशिष्ट व्यक्तिको सवारी, कुटनीतिक सवारी, अत्यावश्यक सेवामा परिचालित यातायातका साधनहरुलाई प्राथमिकता दिने,

(ञ) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने,

(ट) प्रचलित कानुनबमोजिम पालना गर्नु पर्ने अन्य कुरा.

२२. **विशेष सहुलियत दिन सकिने :** नगरपालिकाले शहरी बस,बिजुली बस, वातावरण मैत्री बस जस्ता ठूला यातायातका साधनहरु संचालनमा ल्याउने संस्था वा कम्पनीलाई तोकिए बमोजिम विशेष सहुलियत दिन सक्नेछ ।

२३. **जनचेतना कार्यक्रम गर्न सक्ने:** नगरपालिकाले सार्वजनिक यातायातसँग सम्बन्धित विविध विषयमा आम नागरिक, सार्वजनिक यातायातका साधन प्रयोगकर्ता तथा अन्य सबै सरोकारवालाहरु लाई समेटेर जनचेतनामूलक कार्यक्रम संचालन गर्न सक्नेछ ।

२४. **घरपालुवा पशुपंक्षी छाड्न नहुने :** सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घरपालुवा पशुपंक्षी छाड्न हुँदैन । तर कावुबाहिरको परिस्थिति परेमा त्यस्ता पशुपंक्षीलाई सवारीमा वाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट तुरुन्त हटाउनु पर्छ ।

२५. **बाधाअड्काउ फुकाउने अधिकार :** यस ऐनको कार्यान्वयन गर्दा तत्काल कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२६. **प्रचलित कानुन बमोजिम हुने:** यस ऐनमा उल्लेख नभएका बिषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

२७. **नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउने अधिकार:** कार्यपालिकाले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्नेछ ।

## अनुसूची–१

ऐनको दफा १० को उपदफा (३) सँग सम्बन्धित

बेसीशहर नगरपालिका

सार्वजनिक यातायातका चालक/परिचालक

### परिचय–पत्र

चालक/परिचालकको नाम, थर :

ठेगाना :

चालक/परिचालक परिचयपत्र नं.

लाइसेन्स नं :

सम्पर्क नं.

..............................

प्रमाणित गर्नेको

दस्तखत

## अनुसूची(२)
## दफा १७ संग सम्बन्धित
## तीनपाङ्ग्रे सवारी साधन सूचीकृत गर्नका लागि दिने निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासनिक अधिकृत ज्यू
बेसीशहर नगरपालिका नगरकार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ ।

**विषय: तीनपाङ्ग्रे सवारी साधन सूचीकृत गरिदिनु ।**

उपरोक्त सम्बन्धमा मेरो/हाम्रो नाममा रहेको निम्नानुसारको सवारी साधन नगरपालिका क्षेत्रभित्र संचालन गर्न देहायको विवरण सहित रु..........को राजश्व दाखिला भएकोको प्रमाणित संलग्न राखी पेश गरेको छु ।

**सवारी साधनको**

सवारी साधनको किसिम :
सवारी दर्ता नं. र दिने कार्यलय:
चेसिस नं. : इन्जिन नं. :
मोडल : बनेको साल:
यात्रु सिट संख्या :
सवारी धनी /कम्पनीको
नाम :
ठेगाना :
कम्पनी भए दर्ता विवरण :
सञ्चालन गर्न माग गरेको रुट :

**तपशिल**

(क) अनुसूची (१) अनुसारको ढाँचामा निवेदन दिने,
(ख) राजस्वको तिरेको रसिद
(ग) प्रदूषण मापदण्ड भित्र परेको प्रमाणित गरिएको पत्र,
(घ) भन्सार प्रज्ञापन-पत्र र भन्सार महशुल तिरेको रसिदको प्रतिलिपी
(ङ) सवारी धनिको नागरिक्ता प्रमाणपत्र र सवारी चालकको इजाजत पत्रको प्रतिलिपि, सवारी बीमा, नागरिकता, लाइसेन्स आदि प्रतिलिपि
(च) कम्पनी/फर्ममा दर्ता भएको भए सोको प्रमाणपत्रको प्रतिलिपि,
(छ) आयकर दर्ताको कागजात र करचुक्ता दर्ताको प्रमाणपत्रको प्रतिलिपी,
(ज) सवारी साधनको चेसिस नं. स्पष्ट देखिने गरि चेसिसको फोटो
(झ) सवारी कर, आयकर तिरेको प्रमाण आदि,
(ञ) माग गरिएका सम्पूर्ण कागजातहरुको प्रतिलिपिहरु ।

निवेदक
................

अनुसूची ३

**दफा १७ (२) संग सम्बन्धित**

मिति:

बेसीशहर नगरपालिका नगरकार्यपालिकाको कार्यालय,
बेसीशहर, लमजुङ
इजाजत पत्र नं.
श्री
......................................

तपाईको नाममा दर्ता स्रेस्ता भएको देहायको विवरण भएको सवारी साधनलाई देहायको रुटमा सवारी साधन सञ्चालन गर्न रुट इजाजत दिइएको छ। प्रचलिन ऐन कानूनको अधीनमा रही सवारी सञ्चालन गर्नु हुन अनुरोध छ।

**सवारी साधनको विवरण**

सवारी साधनको किसिम :
सवारी दर्ता नं. र दिने कार्यलय :
यात्रु सिट संख्या :
चेसिस नं. : **इन्जिन नं. :**
**मोडल :** **बनेको साल :**

**सवारी धनीको विवरण**

नाम :
ठेगाना :
आवद्ध कम्पनीको विवरण :
नाम :
ढेगाना :
दर्ता नं. र मिति :

**दर्ता भएको कार्यालय :**

सञ्चालन गर्न अनुमति दिएको रुट :
सञ्चालन गर्न अनुमति दिएको अवधि :

रुट इजाजत पत्र प्रदान गर्ने पदाधिकारीको
दस्तखत :
नाम :
पद:
मिति:

नवीकरण विवरण

| मिति | रसिद नं. | नवीकरण दस्तुर | नवीकरण अवधि | नवीकरण गर्ने अधिकृतको दस्तखत र मिति |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची-४

## दफा १७ (२) संग सम्बन्धित

तीन पाङ्ग्रे सवारी साधन सूचीकरण तथा रुट परमिट दर्ता किताब

| दर्ता नं | सूचीकरण तथा रुट परमिट मिति | सवारी धनीको नाम | सवारीको किसिम | यातायात कार्यालयमा दर्ता नं. | यातायात कार्यालयमा दर्ता मिति | चेसिस नं. | इञ्जिन नं. | ईजाजत पत्र रुट वहाल अवधी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

आज्ञाले,
चेतनाथ अर्याल
प्रमुख प्रशासकिय अधिकृत

**मुद्रक:** बेसीशहर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय। मूल्य रु.१०।–